घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

स्थानीय सरकार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

मितिः २०८२/०७/३०

प.सः ०८२/८३

च.नः १५६६०

**विषयः घुम्ती शिबिर संचालन सम्बन्धमा ।**

श्री अध्यक्ष ज्यू

वडा कार्यालय, सबै

घोराही ,दाङ

उपर्युक्त सम्बन्धमा अपाङ्ग बाल तथा पुनर्स्थापन केन्द्र जनगाल बनेपाको २०८२/०७/२३ चं नं ३५ को प्राप्त पत्रानुसार अपाङ्ग बाल तथा पुनर्स्थापन केन्द्र जनगाल बनेपाको आयोजनामा शारीरिक अपाङ्गता भएका बालबालिका तथा ब्यक्तिहरुका लागि १ दिने अपाङ्गता पहिचान तथा पुनर्स्थापन घुम्ती शिबिर संचालन हुने भएको हुदाँ ताहाँ वडामा रहेका शारीरिक अपाङ्ता भएका बालबालिकाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित गराई दिनुहुन अनुरोध छ । साथै अपाङ्ग बाल तथा पुनर्स्थापन केन्द्रको पत्र यसै पत्रसाथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध छ ।

तपसिलः-

**मितिः**-२०८२/०८/०७ गते

**समयः**-बिहान ९:००देखि ४:००बज्ये सम्म

**स्थानः**- सहरी स्वास्थ्य केन्द्र घोराही १४

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विकलाङ्ग मित्र समुहद्वारा सञ्चालित
Conducted by the Friends of the Disabled
अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र
Hospital and Rehabilitation Centre for Disabled Children (HRDC)
जनगाल, बनेपा-११, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
Janagal, Banepa-11, Kavrepalanchowk, Bagmati Province, Nepal

HRDC Enabling Abilities

दर्ता नं. (जि.प्र.का.) : १३०/०४९/०५०
स.क.प. : ६८५/०४९

R. No. : 130/049-050
SWC : 685/049

च.नं. २८/०८२/०८३

मिति:२०८१/०७/२३

श्री नगर उप-प्रमुख ज्यू,
घोराही उप-नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, घोराही, दाङ्ग ।

**विषय: घुम्ती शिविरको सञ्चालनको लागि स्वीकृती र जानकारी सम्बन्धमा ।**

महोदय,

विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रले शारीरिक अपाङ्गता भएका १८ वर्षसम्मका बालबालिकाहरुलाई उच्चस्तरको स्वास्थ्य, उपचार तथा पुनर्स्थापन सेवाहरु प्रदान गरिरहेको छ । वि.सं. २०४२ साल भाद्र २० (सन् १९८५ सेप्टेम्बर ५) मा काठमाडौंको जोरपाटीमा स्थापित यस संस्थाले ४१ औं वर्ष पूरा गरी सकेको छ । शारीरिक अपाङ्गता भएका सीमान्तकृत परिवारका बालबालिकालाई प्राथमिकतामा राखेर सेवा प्रदान गर्दै आइरहेको छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एक सय शैंया (१०० बेड) को स्वीकृत प्राप्त यो तेस्रो तहको प्रेषण केन्द्र पनि हो । यस संस्थाको सेवाबाट हालसम्म **१२४,६९४ (बालिका: ४९,१३८)** भन्दा बढी बालबालिकाहरु लाभान्वित भई सकेका छन् । सेवालाई व्यवस्थित र विस्तार गरी समुदायस्तरमा पुऱ्याउनु पर्ने वर्तमानको खाँचो पुरा गर्न यस केन्द्रको स्रोत कमी भएकोले हामी सबै मिलेर गर्नुपर्ने दायित्व एवंम् जिम्मेवारी हुन आउँछ ।

यसै सन्दर्भमा संस्थाको नियमित कृयाकलापहरु अर्न्तगत मंसीर ७ गते, २०८२ मा शारीरिक अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुका लागि १ दिने ***अपाङ्गता पहिचान, तथा पुनर्स्थापन घुम्ती शिविर शिविर*** सञ्चालनका लागि स्वीकृती प्रदान गरिदिनु हुन र शिविरको सूचना प्रचार प्रशार गरि अपाङ्गता भएका बालबालिकाहरुको उपचार र पुनर्स्थापन कार्यमा सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

सहयोगका लागि धन्यवाद ।

**तपशिल:**

मिति : २०८२ मंसीर ७ गते आईतवार

समय: बिहान ९ बजे देखि ४:०० बजेसम्म

स्थान:

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. २८५४
मिति २०८२।८।१५

भवदिय
मिन बहादुर चन्द
प्रशासन तथा लेखा सहायक
लुम्विनी प्रदेश पुनर्स्थापन केन्द्र,
कोहलपुर न.पा.१५,अकलघरुवा, बाँके

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आवश्यक व्यवस्था मिलाउनु हुन।